स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

प.सं. : २०८१/८२
च.नं.:

**राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रमको प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना।**

(दोस्रो पटक सूचना प्रकाशन मितिः २०८१।१०।०३)

प्रस्तुत विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनको लागि दर्ता भएका संस्था/सहकारीहरुले जीविकोपार्जन सुधार कार्यक्रमका लागि कृषि तथा पशुपालन क्षेत्र, पर्यटन क्षेत्र र गैर कृषि क्षेत्रमा काम गर्ने गरी जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि सम्बन्धी मापदण्ड, २०७७ को अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी निम्न विवरणहरु खुलाई सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस गाउँपालिकामा प्रस्ताव पेश गर्नु हुन सूचना प्रकाशित गरिएको छ। रीत नपुगी पेश भएको प्रस्ताव उपर कुनै कार्वाही हुने छैन।

**प्रस्तावनामा संलग्न हुनुपर्ने विवरणहरु:**

१. संस्थाको विधान, परिचय, उद्देश्य, कार्यक्रम संचालन प्रक्रिया तथा वित्तिय स्रोत सम्बन्धी विवरण।
२. प्रस्तावित व्यवसायको अवधारणापत्र व्यवसायको क्षेत्र तालिम अवधि र स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण।
३. प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
४. अघिल्लो आर्थिक वर्षको दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि।
५. अघिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन।
६. प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहित यथार्थ विवरण।
७. कालो सूचिमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्वःघोषणा।
८. प्रस्तावना दर्ता गर्दा संस्थाले एकल महिलाको आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरी व्यावसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्य योजना सहित प्रस्तावना पेश गर्नुपर्नेछ।
९. कार्यक्रम सञ्चालन सम्बन्धि आर्थिक प्रस्तावना पेश गर्दा गाउँपालिकाको स्वीकृत मापदण्ड बमोजिम हुनुपर्ने छ।

राजुभाई श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



Email: helamburm@gmail.com, info@helambumun.gov.np Website: helambumun.gov.np